# मौजुदा सूची दर्ता गराउने बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।२८**

नेपाल दूरसञ्चार प्राधिकरणका लागि आ.व. २०८१/८२ मा आवश्यक पर्ने परामर्श सेवा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ (संशोधन सहित) तथा नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावाली, २०७३ को विनियम २२ मा भएको कानूनी व्यवस्था बमोजिम कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले नेपाल दूरसञ्चार प्राधिकरणको वेबसाइटको लिंक (**https://standinglist.nta.gov.np/** मा आवश्यक विवरण भरी सूचीकृत गर्नुहुनका साथै यसअघि आ.व. २०८०/८१ मा प्राधिकरणमा सूची दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/८२ मा मौजुदा सूचीमा अद्यावधिक गर्न चाहेमा मौजुदा सूचीमा पुनः सूचीकृत गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी आएका निवेदनलाई मान्यता दिइने छैन साथै दर्ता भएका निवेदनहरू सूचीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार प्राधिकरणमा सुरक्षित रहने छ ।

**Online रजिस्टर गर्दा संलग्न गर्नुपर्ने कागजातहरू :**

**क) संस्था दर्ता वा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,**

**ख) स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि,**

**ग) मू.अ. कर दर्ताको प्रमाणपत्र (मू.अ. करमा दर्ता हुनेको हकमा मात्र) को प्रतिलिपि,**

**घ) आर्थिक वर्ष २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,**

**ङ) प्रचलित कानून बमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाइएको स्व:घोषणाको निवेदन,**

**च) व्यवसायिक इजाजतपत्रको प्रमाणपत्रको प्रतिलिपि,**

**छ) कम्पनी ऐन, २०६३ को दफा ४६ को उपदफा १० अनुसार तयार गरिएको शेयरधनी र डिबेन्चरवालाको दर्ता किताबको प्रमाणित प्रतिलिपि ।**

**नेपाल दूरसञ्चार प्राधिकरण**

**जमल, काठमाडौं ।**

**फोन नं. ९७७-०१-५३५५४७४, फ्याक्स ९७७-०१-५३५५२५०**

**Email: ntra@nta.gov.np, URL: www.nta.gov.np**